# सुमतितन्त्र

—देवीप्रसाद लंसाल

ज्योतिषशास्त्रको गणित स्कन्धमा सिद्धान्त, तन्त्र र करण तीन भेद छन् । करणमा केवल ग्रह गणित मात्र हुन्छ । सिद्धान्त अथवा तन्त्रमा मुख्यतः दुई अंग छन् । एकमा केवल ग्रह गणित र द्वितीयमा प्रधानतः सृष्टि-रचना सम्बन्धी वर्णन, गोलविचार, मन्त्ररचना र कालगणना इत्यादि विषय हुन्छन् । यी दुवै अलग रहन सक्तैनन् राख्न पनि सकिँदैन । अधिकांश सिद्धान्तमा दुवैको संमिश्रण पाइन्छ । सिद्धान्त, तन्त्र र करणको लक्षण कसै-कसैले यस प्रकार गर्दछन् । जसमा ग्रहगणितको विचार कल्पादिबाट गरेको छ त्यो सिद्धान्त, जसमा महायुगबाट गरेको छ त्यो तन्त्र, जसमा कुनै इष्ट शकबाट गरेको छ त्यो करण । तीनै प्रकारका ग्रन्थमा जुन भिन्न-भिन्न प्रकरणमा ग्रह-गणितको विचार गरेको हुन्छ त्यसलाई अधिकार वा अध्याय भनिन्छ ।

जस्तै सुमति तन्त्रमा पनि :—

सुमते महातन्त्रे प्रथमाहर्गण समाप्तः ।
" तृतीयाहर्गण समाप्तः ।
" चतुर्थाहर्गण समाप्तः ।
" पञ्चमाहर्गण समाप्तः ।
" अहर्गणानयनं समाप्तः ।
" प्रथम धूलिकर्म समाप्तः ।
" प्रथम ग्रह मध्यमः ।
" द्वितीय ग्रह मध्यमः ।
" तिथिनक्षत्रकर्म समाप्तः ।
" सर्वग्रहाणां मन्दकेन्द्रोत्पत्ति षष्ठ पर्व समाप्तः ।
" प्रथम पर्व समाप्तः ।
" पञ्चताराग्रहाणां स्फुट द्वितीयपर्व समाप्तः ।
" सूर्यग्रहण षड्विध समाप्तः ।
" ब्रह्माण्ड परि समाप्तः । इत्यादि

तन्त्र अहिले चर्चाको विषय भएको छ । नेपाल देशका गौरव, प्रातःस्मरणीय आचार्य सुमतिका "सुमतितन्त्र" । उपर्युक्त आचार्यको जन्म समय त कुनै ठोस प्रमाण नपाई यस समयका हुन् भन्न मुश्किल हुन्छ । तर यस बीर पुस्तकालयमा रहेको पुस्तकको

लिपि ताड़पत्रको अध्ययनबाट भन्न सकिन्छ कि पुस्तकको आजसम्मको आयु ५५०–६०० वर्षभन्दा कमको छैन।

सुमतिले आफ्नो तन्त्र प्राचीन सूर्यसिद्धान्तको आधारमा लेखेका हुन्। उक्त सूर्यसिद्धान्त हाल उपलब्ध छैन। वर्तमान सूर्यसिद्धान्त र सुमतितन्त्रमा दिइएका विषय मिलाएर हेर्दा परस्पर भिन्नता पाइन्छ। लिपिकारको दोषबाट पुस्तकका पंक्तिहरू अशुद्ध छन्। यस लेखमा उद्धृत पंक्तिहरू पनि जस्ताको तस्तै सारिएकोले अशुद्ध नै छन्। पुस्तकका पंक्ति अशुद्ध भए तापनि विषय परमोपयोगी छ। यो तन्त्र प्रकाशमा आएपछि प्राचीन सूर्यसिद्धान्तको तिर्खालाई केही मात्रामा कम गर्नेछ।

सुमतितन्त्र प्राचीन सूर्यसिद्धान्तको आधारमा लेखेको हो भन्ने स्वयं आचार्यले लेखेका छन्। जस्तैः—

"सूर्यसिद्धान्तमध्येषु दध्नो धृतमिवाद्धृतम्। नाम्ना तु सुमतितन्त्रं सिद्धान्तस्य समुद्भवम्। तन्तथा कथयिष्यामि शृणु वक्ष्यामि सर्वत (:)।" यस प्रकार कल्प, मन्वन्तर, युग, वर्ष, ऋतु, मास, तिथि, प्रहर, मुहूर्त, नाडी आदि बनाउँदै अगाडि गएर युधिष्ठिर र दुर्योधन, नन्द, चन्द्रगुप्त, आदिको राज्यकालको पनि उल्लेख गरेको छ।

जस्तैः—

यातास्त्रयो युगानाञ्च कृतं त्रेताथ द्वापरं।
भविष्यं संप्रवक्ष्यामि कलिकालं यथाक्रमं।
जातो दुर्योधनो राजा कलियुग प्रवर्त्तते।
युधिष्ठिरो महाराजो दुर्योधनस्तयोऽपि वा।
उभौ राजौ सहस्रेब्दे वर्षन्तु संप्रवर्तति।
नन्दराज्यं शताष्टञ्च चन्द्रगुप्तस्ततः परे।
राज्यं करोति तेनापि द्वात्रिंशच्चाधिक शतं।
राजा शूद्रकदेवश्च वर्ष सप्ताब्धि चाश्विनौ।
शकराज्यं ततः पश्चाद्वसुरन्ध्रकृतन्तथा, इत्यादि।

सुमतिको मतानुसार युधिष्ठिरको राज्यकालभन्दा दुई हजार वर्षपछि नन्दको राज्याभिषेक भएको थियो भन्ने देखिन्छ। तर विष्णुपुराणमा लेखेको छः—

"यावत् परीक्षितो जन्मो यावन्नन्दाभिषेचनं। एतद्वर्षसहस्रन्तु ज्ञेयं पञ्चदशोत्तरं।" (विष्णु पुराण ४–२४)।

सुमतिको उक्तिमा सहस्रेद्वे, नभै (सहस्राब्दं) पाठ थियो कि? विष्णुपुराणमा परीक्षित्को जन्मभन्दा एक हजार पन्द्रह वर्षपछि नन्दको राज्याभिषेक भएको थियो भन्ने देखिन्छ। 'सहस्रे द्वे पाठ नपढेर', सहस्रन्तु, पाठ पढे विष्णुपुराणानुसार मिल्न आउँदछ, विष्णुपुराणमा नन्दराज्य १०० वर्ष मानेको छ। तर सुमतिले (शताष्ट) लेखेका छन् 'शताष्टञ्च' को सट्टा 'शताब्दञ्च' पाठ शुद्ध हुन सक्तछ?

यो सुमतितन्त्र नेपालमा निकै आदरणीय थियो र यसको प्रतिलिपि पनि भैरहन्थ्यो। आज मूल पुस्तक उपलब्ध छैन तापनि वीर पुस्तकालयमा रहेको पुस्तक मूल पुस्तकबाट प्रतिलिपि भएको बुझिन्छ। कारण यसमा मानदेव राज्याब्दको उल्लेख छैन। नेपाल राष्ट्रिय पुस्तकालयमा रहेका पुस्तकका अन्त्यमा रहेको फोटो गरिएको पत्रबाट बुझिन्छ त्यसको मूल पुस्तक मानदेव प्रथमका राज्याब्दको प्रचलनपछि प्रतिलिपि गरिएको थियो[१]। अतएव त्यस पुस्तकमा मानदेव राज्याब्द "३०४" समेत थपिएको देखिन्छ। यद्यपि यस पुस्तकालयका पुस्तकमा रहेका लिपिका आधारमा यो पुस्तक त्यति प्राचीन भन्न सकिदैन तापनि अरू कुनै प्रबल प्रमाण उपलब्ध नभएसम्म यस सुमतितन्त्रको शकराज्याब्द ४९८ पछि मानदेव राज्याब्दको प्रचलनभन्दा पहिले नेपालमा नेपाली सुमतिले रचना गरेका हुन् भन्न सकिन्छ। सम्भवतः वर्तमान सूर्यसिद्धान्तभन्दा सुमतितन्त्र जेठो बुझिन्छ।

*१. सुमतितन्त्रको प्रतिलिपि गर्ने प्रथा मानदेव प्रथमका पालादेखि नै चलेको थियो भन्ने नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको तस्वीरबाट देखिन्छ। उक्त पत्रमा लेखेको छ :—*

अद्य वाराहकल्पे वैवश्वत मन्वन्तरे कलियुगे भरतखण्डे जम्बूद्वीपे हिमवत्पार्श्वे आर्यावर्तदेशे पुण्य भूमौ वाग्मतीकूले वाश्वकी ( वासुकी ) क्षेत्रे पशुपति सन्निधाने श्रीमच्छ्रीनेपालपत्तने शुभमस्तु सर्वजगतां ।

नेपालाब्द शरच्छिद्रवेद पौषाशितापक्षे त्रिदशतिथौयं २ माराध्यमारम्भमादिबारं ...... मृत्यु योग ध्रुवं बरं ।

युधिष्ठिर दुर्योधन उभौराज्याब्द २००० । नन्दराज्याब्द ८०० । चन्द्रगुप्तराज्याब्द १३२ । शूद्रक दैव राज्याब्द २४७ । शक राज्याब्द ४९८ । मानदेव राज्याब्द ३०४ । शुभम् ।

पाठक वर्गका संमुख सुमति र अरू आचार्यहरूका सिद्धान्तबाट उत्पन्न, क्षयाह, ग्रहभगण मन्दोच्च, मन्दफल, मन्दपरिधि, शीघ्रपरिधि विक्षेपकला तुलनार्थ दिइएको छ ।

सुमति र अरू आचार्यले सिद्ध गरेको एक महायुगमा क्षयाह यस प्रकार छ, मिलाएर हेर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| सुमतितन्त्रानुसार | २५०८२२८० | द्वितोयार्यभटानुसार | २५०८२४७८ |
| सूर्यसिद्धान्तानुसार | २५०८२२५२ | ब्रह्मगुप्तानुसार | २५०८२५५० |
| प्रथम आर्यभटानुसार | २५०८२५८० | | |

सुमति र अरू आचार्यले सिद्ध गरेको ग्रहभगण मिलाएर हेर्नुहोस् ।

| | सुमति | आर्यभट | वर्तमान सूर्यसिद्धान्त | ब्रह्मगुप्त |
|---|---|---|---|---|
| रवि. | ४३२०००० | ४३२०००० | ४३२०००० | ४३२०००० |
| चन्द्र. | ५७७५३३३६ | ५७७५३३३६ | ५७७५३३३६ | ५७७५३३०० |
| चन्द्रोच्च | ४८८२१९ | ४८८२१९ | ४८८२०३ | ४८८१०५३ |
| चन्द्रपात | २३२२३५ | २३२२२६ | २३२२३८ | २३२३११ |
| भौम | २२९६८२४ | २२९६८२४ | २२९६८३२ | २२९६८२९ |
| बुध | १७९३७००० | १७९३७०२० | १७९३७०६० | १७९३७००० |
| बृहस्पति | ३६४२२० | ३६४२२४ | ३६४२२० | ३६४२२६ |
| शुक्र | ७०२२८८ | ७०२२३८८ | ७०२२३७६ | ७१२२०३८६ |
| शनि. | १४६५६४ | १४६५६४ | १४६५६८ | १४६५६७ |

सुमतिले ग्रह मन्दोच्च कुन कालको ल्याएका हुन् त्यो ग्रन्थमा स्पष्ट, उल्लेख छैन । आर्यभट, वर्तमान सूर्यसिद्धान्त, ब्रह्मगुप्त तथा केरो पन्तको दृश्य गणित, शाके ४२१ को र टालमीको शाके ७० वा इस्वीय सन् २१८ को हो ।

| | सुमिततन्त्र | प्र. आर्यभट | दृश्य गणित | वर्तमान सूर्यसिद्धान्त | ब्रह्मगुप्त | टालमी |
|---|---|---|---|---|---|---|
| रवि. | २।१६।५०।२ | २।१८।०।० | २।१७।७।० | २।१७।१५ | २।१७।५४ | २।५।३० |
| भौम. | ३।२०।३। | ३।२८।०।० | ४।८।११।० | ४।१०।१ | ४। ८।२३ | ३।२५।३० |
| बुध. | ७।६।४५।२२ | ७।०।०।० | ७।२४।१।० | ७।१०।२६ | ७।१४।५३ | ६।१०।० |
| गुरु. | ५।६।५१।३६ | ६।०।०।० | ५।२०।३८। | ५।२१।१६ | ५।२२।३१ | ५।११।० |
| शुक्र. | २।१०।५०।२ | ३।०।०।० | २।१६।४६। | २।१६।४६ | २।२१।१४ | १।२५।० |
| शनि. | ७।२०।५६।१२ | ७।२६।०।० | ७।२६।३७। | ७।२६।३७ | ८।२०।५४ | ७।२३।० |

बुध र शुक्रको आधुनिक मान र हाम्रा ग्रन्थमा दिएका मानका साथ तुलना गर्न ठीक पर्दैन । किनकि आधुनिक मान सूर्यविबस्थ द्रष्टाका दृष्टिबाट सिद्ध गरेको छ । हाम्रा ग्रन्थमा भूमिस्थ द्रष्टाका दृष्टिबाट सिद्ध गरेको छ ।

सुमति र अरू आचार्यले सिद्ध गरेका ग्रह मन्दफल मिलाएर हेर्नुहोस् ।

| | सुमति | प्र. आर्य भट | वर्तमान सूर्यसिद्धान्त | | टाल्मी | आधुनिक दृश्य | अंशादि | |
|---|---|---|---|---|---|---|---|---|
| रवि. | २।१३।४३ | २।८।५५ | २।१०।३०। | वि. प. | २।२३ | १।५५।२७ | ” | विषमपद-बि. प. |
| चन्द्र. | ४।५५।४८ | ५।०।४८ | ५।५।३५। | वि. प. | ५। १ | ६।१७।१२ | ” | समपद स.प. |
| भौम. | ११।८।२७ | १०।१।३६ वि. प. | ११।२७।३३ | वि. प. | ११।३२ | १०।४१।३३ | ” | |
| बुध. | ४।२७।३३ | ५।०।४८। वि. प. | ४।२७।२३ | वि. प. | २।५२ | २३।४०।४३ | ” | |
| गुरु. | ५।५।३५ | ५।०।४८। वि. प. | ५।११।३६ | बि. प. | ५।१६ | ५।३१।१४ | ” | |
| शुक्र. | २।१३।४१ | २।५।१५३। बि. प. | १।४५।२ | बि. प. | २।२३ | ०।४७।११ | ” | |
| शनि. | १०।२।५३ | ६।२६।४५। वि. प. | ७।३८।३१ | वि. प. | ३।२६ | ६।२६।१२ | ” | |

प्राचीन सूर्य सिद्धान्तानुसार सिद्ध गरिएका ग्रहमन्द परिधि र सुमतितन्त्रानुसार सिद्ध गरिएका ग्रहमन्द परिधि समान छन् ।

| | रवि | चन्द्र | भौम | बुध | गुपु | शुक्र | शनि |
|---|---|---|---|---|---|---|---|
| प्राचीन सूर्यसिद्धान्त | १४ | ३१ | ७० | २८ | ३२ | × | × |
| सुमतितन्त्र | १४ | ३१ | ७० | २८ | ३२ | १४ | ६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रथम आर्यभट | १३।३० | ३१।३० | ६३। विषम<br>८१। सम | ३१।३० वि.प.<br>२२।३० सम | ३१।३०। वि, प.<br>२६। सम | वि· ८।६। स | वि. ४०।३०। सम<br>५८।६० |
| ब्रह्मगुप्त | १३।४० वि.प. | ३१।३६ वि.प. | ७०। वि.प. | ३८। वि.प. | ३३। वि.प. | ६ वि.प. । समप १ | ३० वि.प. |
| द्वितीय आर्यभट | १३।४० | ३१।३४ | ६७।३० | २७।३६ | २।१८ | ६।३५ | ५२।४२ |

सुमतितन्त्रोक्त र अरू आचार्यले सिद्ध गरेका ग्रह शीघ्रपरिधि मिलाएर हेर्नुहोस।

| | मंगल | बुध | गुरु | शुक्र | शनि |
|---|---|---|---|---|---|
| सुमतितन्त्र | २३४ | १३२ | ७२ | २६० | ४० |
| वराहमिहिर | ३११४।३२ | २१०।३० | ११।२७।३३ | ४१।२२।४६ | ६।२१।५७ |
| प्राचीन सूर्यसिद्धान्त | २३४।३७ | १४२।३० | ७२। | २६०। | ४०। |
| प्रथम आर्यभट | २६२।३० सम. प.<br>२३८।३० वि. प. | १३०। ३० सम. प.<br>१३६। ३० वि. प. | ६७।३० सम.<br>७२। बि.प. | २५६।३० सम.<br>२५६।३० वि.प. | ३६ सम.<br>४० वि.प. |
| ब्रह्मगुप्त | २४३।४० विषम | १३२। वि. प. | ६८। वि.प. | २६३। वि.प. २५८ सम. | ३५ विषम |
| द्वितीय आर्यभट | वि. प. २३०।५६ | वि.प. १३४।३० | वि.प. ६६।३० | वि.प. २६१।३० | वि प. ४०।४० |

ग्रह विक्षेपकला सुमतितन्त्रोक्त र अरू आचार्यले सिद्ध गरेको मिलाएर हेर्नुहोस् ।

| | सुमति | वर्तमान सूर्यसिद्धान्त | प्रथम आर्यभट | ब्रह्मगुप्त | द्वितीय आर्यभट | यूरोपीय ज्योतिषी[1] | टालमी[2] | कलादि |
|---|---|---|---|---|---|---|---|---|
| चन्द्र. | × | × | × | × | × | × | × | ,, |
| भौम. | ९० | ९० | ९० | ११० | १०६ | १११ | ९० | ,, |
| बुध. | १३३ | १२० | १२० | १५२ | १३८ | ४२० | ४२० | ,, |
| वृहस्पति | ६० | ६० | ६० | ७६ | ७४ | ७९ | ६० | ,, |
| शुक्र. | १२३ | १२० | १२० | १३६ | १३६ | २०४ | २१० | ,, |
| शनि. | १२६ | १२० | १२० | १३० | १३० | ९० | १५० | ,, |

१. आधुनिक मानलि व्हेरिअनद्वारा निर्णीत
२. बर्जेसकृत सूर्यसिद्धान्तानुवादबाट

सुमतिले आफ्नो तन्त्रमा उल्लेख गरेका चरप्राण ( चरखण्ड ) नेपालको राजधानी काठमाड़ौं नगरको चरप्राण हुनाले सुमति नेपाली हुन् र काठमाड़ौंमा नै उनले सुमतितन्त्र लेखेको हो भन्ने कुरा विवादरहित छ।

जस्तैः—

पञ्चत्र्वंग्निगजांड्काश्वि बह्लघो दस्र ( भूपयः ),
(मेषादि, ?) मिथुनान्तानि चर प्राणाञ्च प्रवर्तते।
उपर्युक्त चरप्राण ३६५।२९८।१२३ हुन्।

पृष्ठ संख्या ६६ देखि पृष्ठ संख्या ७१ सम्म अर्थात् "अतः परं प्रवक्ष्यामि उदये लग्नसाधनम्।" बाट उठाएर "तौ फलौ योजयित्वा तु तयोरन्तरभोदये। प्राणञ्च भवते तत्र मध्याह्नस्य च प्राक्परे।" सम्म आचार्यले लग्न, मध्यम लग्न ल्याउँदा धेरै थरी गणित देखाएको छ तर विशेषता केही छैन। आर्यभट र ब्रह्मगुप्तले जस्तै तन्त्रकारले पनि अयनांशको उपेक्ष गरेको छ।

---